**गैर आवासीय नेपाली संघ**

**अन्तराष्ट्रिय समन्वय परिषद**

मिति : २७ डिसेम्बर २०१७

बैदेशिक रोजगार तथा आप्रवासी कामदार कल्याणकारी समिति ।

**भुमिका :**

नेपालको लगभग २०० बर्षे लामो इतिहाँस रहेको बैदेशिक रोजगार क्षेत्रले बर्तमान समयमा देशको अर्थतन्त्रमा ठुलै सहयोग गरेको छ । सेवा सुविधा लिएर देशको सेवा गर्ने देशका नवजवान बरावर नै बैदेशिक रोजगारमा रहेका आप्रवासी कामदारहरु पनि देशका सिपाही बरावर नै यसर्थ उनिहरुको बिषयमा बहस गरिनु र सुरक्षाको प्रत्याभुति गराउनु राज्यको कर्तव्य हो । यद्यपी बिभिन्न कारणले राज्यको ध्यान यस बिषयप्रति जान सकिरहेको छैन । बैदेशिक रोजगार र आप्रबासी कामदारहरुकै बिभिन्न बिषयबस्तुहरुलाई हाम्रा अग्रजहरुले अनुभुती गरेर बैदेशिक रोजगारी तथा आप्रवासी कामदारहरुको हकहित र कल्याणको लागि संघको स्थापना गरि पहल गरेको छ । यसलाई व्यवस्थित रुपले अघि बढाउन बैदेशिक रोजगार तथा आप्रवासी कामदार कल्याणकारी समिति गठन गरिएको छ ।

बर्तमान समयमा बैदेशिक रोजगार हाम्रो बाध्यता र देशको ३१ प्रतिशत जिडिपिको हिस्सा पनि हो । यस क्षेत्रलाई बिभिन्न समयमा व्यवस्थित बनाउन प्रयास नभएको होइन तर पनि देशको राजनितिक अस्थिरता, यस क्षेत्रका लागि तर्जुमा गरिने नियम कानुनहरुको लागि अध्ययन र बिज्ञहरुको प्रयाप्तता नहुनु, यस क्षेत्रमा जाने नेपालीहरुको बृद्धिको अनुपात अनुसार सेवा सुविधाको स्तर बढाउन नसक्नु पनि हो । बिषेशत निम्न बिषयहरुमा प्राथामिक रुपमा हामिले आफ्नो ध्यान पुऱ्याउन पर्नेछ ।

१. सर्वप्रथम नेपालीहरुको बैदेशिक रोजगारीको गतन्वय रहेको देशहरु संग श्रम सम्झौता गर्न नसक्नु, उल्लेखित गन्तव्य देशहरुको श्रमकानुनको जानकारी बिना नै हामिले हाम्रो सहुलियतको भरमा कानुनको तर्जुमा गरिनु, जसले गर्दा हाम्रो तथा गन्तव्य मुलुकले आफ्नो आफ्नो कानुनको व्याख्या गर्दा श्रमिकहरु मारमा परिरहेको अवस्था रहेको छ ।

२. नेपाल सरकारको अध्यागमन र श्रम बिभाग पुर्ण रुपमा प्रभावकारी हुन नसक्नु जसले गर्दा गतल मनसायले गरिएका कार्यहरु सफल भएका छन् र सहि कार्यहरु गर्नेले बिभिन्न झमेला व्यहोर्नु परेको छ । यसको लागि प्रभावकारी संयन्त्रको व्यवस्था गरिनु पर्छ । पारदर्शी कार्यको लागि नेपाल सरकारका बिभिन्न मन्त्रालय र निकायहरु बिच आधुनिक प्रबिधिद्धारा (इन्टरलिङ्क) मार्फत समन्वय गराई कागजी कामकारवाही, दलालीप्रथा र भष्ट्रचारलाई निरुत्साहित गर्नुपर्छ ।

**उदेश्य र लक्षहरु :**

- ❖ नेपाल सरकारका बिभिन्न निकायहरुलाई integrated प्रणालीमा लैजानको लागि पहल गर्ने बिषेशत अध्यागमन, गृह, परराष्ट्र तथा श्रम बिभाग ।
- ❖ बिदेश स्थित नेपाली नियोगहरुबाट नै पूनः श्रम स्वीकृती तथा जीवनबिमाको व्यवस्थाको लागि पहल गर्ने ।
- ❖ बैदेशिक रोजगार जानुभन्दा पहिल कम्तीमा २ महिना वा ३ महिनाको अनिवार्य तालिम लिन पर्ने व्यवस्थाको लागि पहल गर्ने ।
- ❖ बिदेश पुगेको २ महिना भित्र दुतावासमा सम्पर्क गरेर या इनरोल हुने सिस्टमको बिकाश गरेर अनिवार्य रुपमा इनरोल हुने व्यवस्था गर्न पहल गर्ने ।
- ❖ कुनैपनि कामदार बैदेशिक रोजगारमा प्रथम पटक जानुपूर्व नै उसको दुईतर्फी टिकटको बिमा गरेर जानुपर्ने जसले गर्दा गएको केहि समयमा नै फर्किनु परेमा समस्या हुदैन ।
- ❖ बैदेशिक रोजगारमा जाने आउनेका लागि इ-गेट संचालनमा ल्याउन पर्ने जसका लागि नागरिकता जस्तै इ-कार्डको व्यवस्था गर्न पहल गर्ने ।
- ❖ बैदेशिक रोजगार संचयकोषको निर्माण गरि त्यसको अनिवार्यता गर्न पहल गर्ने ।
- ❖ श्रम सम्वन्धि कानुन छिटो छरितो गर्न पहल गर्नुका साथै बिभिन्न नियमावलीहरुलाई सुधार गर्न पहल गर्ने ।
- ❖ आगामी २ बर्षमा कम्तिमा ५० महिला फिर्तीहरुलाई स्वरोजगार, बैदेशिक रोजगारमा मृत्यु हुने तथा अंगभंग हुनेका परिवारलाई परिचय पत्रको व्यवस्था गरि उनिहरुको बच्चाहरुलाई अध्ययन गरिरहेको बिधालय वा पायक पर्ने अन्य बिधालयमा छात्रबृत्ती र योग्यता अनुसार निजका परिवारका सदस्यलाई रोजगारीको व्यवस्था गर्न पहल गर्ने जसले गर्दा उक्त व्यक्तिको परिवारलाई जीवन कष्टकर नहोस् ।
- ❖ बैदेशिक रोजगारमा अंगभंग भएकालाई आजिवन औपधि उपचार निशुल्क र अवस्था हेरेर काम गर्न नसक्ने भएमा जीवनयापनका लागि भत्ताको व्यवस्थाको लागि पहल गर्ने ।
- ❖ बिदेश जानु अघि लिनुपर्ने ओरिन्टेशन तालिमलाई व्यवसायिकरण पनि सरकार आफैले कर्मचारीको व्यवस्था गरि दुईदिने ओरिन्टेशन र एक दिने मनोवैज्ञानिक परामर्श दिने प्रावधान बनाउनको लागि सरकार संग एन.आर.एन.ए. ले हातेमालो गर्न पहल गर्ने ।
- ❖ बैदेशिक रोजगार व्यवसायीले एक व्यक्ति मागपत्र बरावर रु १०० र बैदेशिक रोजगार प्रवर्दन बोर्डले रु १०० थप गरि नेपाल सरकारको मातहतमा रहने गरि स्थापित गरिने बैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गराउन पहल गर्ने र उक्त रकमबाट बैदेशिक रोजगारमा समस्यामा परेकाहरुको उद्दार गर्नु परेमा प्रयोग गर्ने त्यस्तै अनाहकमा बिभिन्न देशको जेलमा रहेका नेपालीहरुलाइै जेल मुक्त गरि स्वदेश फर्काउन, सेल्फ सस्टेनाविलिटि र अंगभंग भएका नेपालीहरुको परिवारका लागि खर्च गर्न पहल गरिनेछ ।
- ❖ हजारे अभियानको नामले प्रख्यात बैदेशिक रोजगार सामाजिक सुरक्षा कोषलाई संचयकोष संग हामिले गरेको पहललाई नतिजाा सम्म पुऱ्याउने गहन जीम्मेवारीलाई कार्यान्वयको पक्षमा पहल गरि यसलाई अनिवार्य बचत प्रणालीमा लैजान पहल गरिनेछ । उल्लेखित बचत कार्यको लागि

बिदेश जानु अघिनै बैंक खाता खोल्नु पर्ने र बिदेशमा रहेकाहरुको लागि एन.आर.एन. तथा दुतावासले संयुक्त पहल गरि मासिक रु १०००.०० सम्म जम्मा गराउने पर्ने वाध्यताकारी नियम लागु गर्न पहल गर्ने ।

❖ बैदेशिक रोजगारमा पुर्वप्रधान मन्त्रीले सांसदको रोष्टमबाट गर्नु भएको वाचाहरुलाई जस्ताको तस्तै लागु गराउन पहल गरिनेछ ।
    ○ बैदेशिक रोजगारमा बिनकशुर जेल परेकाहरुको उद्धारको लागि सिड मनिको व्यवस्था राज्यले गर्ने ।
    ○ २४ सै घण्टा बैदेशिक रोजगार सुचना तथा सिकायत र मदत सेन्टरको स्थापना गर्ने ।

❖ घरेलु महिला कामदारहरुका बिषयमा बिशेष अध्ययन गरि श्रम सम्झौता गरिएका देशहरुमा मात्र व्यवस्थित तालिम तथा भाषाको ज्ञान सहित बैदेशिक रोजगार व्यवसायी मार्फत मात्रै पठाउने पहल गरिनेछ। साथै उनिहरुको हवाई टिकटको बिमा गराउने र उनिहरुको लागि बिषेश ६ महिने परिक्षण समय राख्ने उल्लेखित समय भित्र फर्किन परेमा सवै जीम्मेवारी म्यानपावरले नै लिनु गरि नियम बनाउन पनि पहल गरिनेछ। यसका साथै घरेलु महिला कामदारहरुको लागि बिदेशमा आयपछिको १ हप्ता देखि ३ हप्ताको अवधिमा बैंक खाता तथा आवासीय परिचयपत्र बनाई नियोगहरुमा इनरोल गराउन पर्ने व्यवस्थाको लागि पहल गरिनेछ ।

❖ बैदेशिक रोजगार व्यवसायी र सरकार बिच लामो समय देखि बिवाद बन्दै आईरहेको शुल्क बिवादले राज्यको करमा असर गरेको छ र यो अन्योलले गर्दा धेरै नेपालीहरु मारमा परेका छन् यसर्थ यसलाई टुङ्ग्याउन पहल गरिनेछ । लाखौ तिरेर बिदेश जानेहरुले पनि १० हजारको रसिद मात्रै लिने गरेका छन् यसर्थ यदि बैदेशिक रोजगार व्यवसायीहरुको माग जायज नै भए सम्बोधन गरि उनिहरुलाई पूर्ण जीम्मेवार बनाउन पनि पहल गरिनेछ ।

❖ बैदेशिक रोजगार स्वेतपत्र जारी गर्ने निर्णय भए बमोजिम यसलाई जारी गर्न पहल गरिनेछ ।

धन्यवाद
डि.बि. छेत्री
सचिव
अन्तराष्ट्रिय समन्वय परिषद
गैरआवासीय नेपाली संघ ।